# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या १२

# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको

सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ईन्द्रावती गाउँपालिका अध्यक्ष कप फुटवल सञ्चालन कार्यविधि, २०७९

# अध्यक्षकप फुटवल संचालन कार्यविधि, २०७९

**प्रस्तावना :**

विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमालिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय एकताको माध्यमबाट सामाजिक सद्भाव कायमगर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन वाञ्छनीय भएकोले ईन्द्रावती गाउँकार्यपालिकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को  उपदफा २ को अधिकार प्रयोग गरी गाउँपालिकामा खेलकुद क्षेत्रको विकासको लागि यो कार्यविधि ईन्द्रावती लगाउँपालिका प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम इन्द्रावती गाउँकार्यपालिकाको मिति २०७९।०९।०७ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** यस कार्यविधिको नाम “ईन्द्रावती गाउँपालिका अध्यक्ष कप फुटवल संचालन कार्यविधि २०७९”रहनेछ ।

२. यो कार्यविधि गाउँकार्यपालिकावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**३. परिभाषा:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) “खेलकुद” भन्नाले ईन्द्रावती गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमतिलिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ख) “खेलाडी” भन्नाले फुटवल विधाका स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी लाई सम्झनु पर्नेछ ।

(ग) "खेलकुद समिति" भन्नाले गाउँपालिकावाट गठित ईन्द्रावती खेलकुदविकास समितिलाई सम्झनु पर्दछ ।

(घ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

ङ) "अध्यक्षकप फुटवल" भन्नाले गाउँसभावाट वार्षिक रुपमा विनियोजन भएको रकमवाट प्रत्येक नयाँवर्षको अवसरमा गाउँपालिकाका १२ वटा वडाका खेलाडीहरु विच प्रतिस्पर्धा रहने गरि आयोजना गरिने फुटवल खेललाई जनाउछ ।

## परिच्छेद २

खेलाडी छनौट वजेट सम्वन्धी व्यवस्था

### ४. अध्यक्षकप फुटवलमा खेलाडी छनौटको आधार :

ईन्द्रावती गाउँपालिका स्तरिय **अध्यक्षकप फुटवलमा** खेलाडी छनौटका लागि तपशिल बमोजिमका आधारहरु कायम गरिएको छ ।

क) ईन्द्रावती गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने ।

ख) सम्बधित वडामा स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने ।

ग) नागरिकता र वडाको सिफारिस पेश गर्नु पर्ने ।

घ) १८ वर्ष पुरा भई ३५ वर्ष नकाटेको हुनुपर्ने ।

ङ) अनुसुचि १ मा व्यवस्था भए बमोजिम

### ५. अध्यक्षकप फुटवल प्रतियोगितामा खेलाडीलाई उपलव्ध गराइने सेवा र पुरुस्कार रकम सम्वन्धी व्यवस्थाः

५.१. पालिकाको निर्णय बमोजिम सहभागी हुने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) एक टीममा खेलाडी-१६, व्यवस्थापक-१ र प्रशिक्षक-१ समेत जम्मा १८ जना समावेश हुनेछन् ।

ख) प्रतियोगितामा सहभागी हुने खेलाडी, व्यवस्थापक र प्रशिक्षकलाई यातायात वापत रु. ५००/- (अक्षरुपी पाच सय मात्र) उपलब्ध गराईनेछ ।

ग) प्रतियोगितामा सहभागी हुने खेलाडी, व्यवस्थापक र प्रशिक्षकलाई आवश्यक खेलकुद पोशाक सेट वापत रु. २०००/- (अक्षरुपी दुई हजार मात्र) खर्च गर्न पाइनेछ ।

घ) प्रतियोगितामा सहभागी हुने खेलाडी, व्यवस्थापक र प्रशिक्षकलाई प्रतिदिन खाजा, खाना वापत रु. ७००/-(अक्षरुपी सात सय मात्र) खर्च गर्न पाईनेछ ।

६.अध्यक्षकप फुटवल प्रतियोगितामा वजेटको व्यवस्था र खर्च सम्वन्धी व्यवस्था :

**खेलकुद सञ्चालनका लागि अनुमानित खर्च विवरणः**

| सि.नं. | विवरण | अनुमानित रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मञ्च व्यवस्थापन | ७५००० | |
| २. | रेफ्री | ९०००० | |
| ३. | मैदानमा पानी | ३०००० | |
| ४. | चुन | २५००० | |
| ५. | खेलमैदान सजावट | १५००० | |
| ६. | मेडल, बल नेट | १००००० | |
| ७. | छपाई तथा स्टेशनरी | १००००० | |
| ८. | पुरस्कार | २००००० | |
| ९. | अफिसियल/स्वयंसेवक | ५०००० | |
| १०. | यातायात खेलाडी/प्रशिक्षक (२१६ X५००) | १०८००० | |

| | | | |
|---|---|---|---|
| ११. | खेलकुद पोशाक (२१६ X२०००) | ४३२००० | गाउँपालिकाले खरिद गरि उपलव्ध गराउनेछ । |
| १२. | खाना, खाजा (२१६ X६००) | १२९६०० | |
| १३. | कलाकार | १००००० | |
| १४. | प्रचार प्रसार फ्लेक्स) बोर्ड निर्माण सहित( रमिडिया (पत्रपत्रिका र रेडियो) | ५०००० | |
| १५. | विविध | २००००० | |
| | जम्मा | **१७०४६००** | |

७. दफा ५ को उपदफा ५.१ र ६ क मा जेसुकै कुरा उल्लेख भएको भएतापनि उल्लेखित खर्च रकम प्रत्येक वर्ष सभाले विनियोजन गरेको वार्षिक बजेटका आधारमा फेरबदल हुन सक्नेछ । साथै सहभागी वडाले उल्लेखित खर्च रकमको परिधि भित्र रहि खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

परिच्छेद ३

## अध्यक्षकप फुटवल खेलकुद संचालन समितिको गठन तथाकाम,कर्तव्य र अधिकार

**७. अध्यक्षकप फुटवल खेलकुद समितिको गठनः** (१) देहाय बमोजिम ईन्द्रावती खेलकुद समितिको गठन हुनेछ :-

क) १ जना संयोजक

ख) सदस्य-

ग) सदस्य

घ) सदस्य

ङ) सदस्य सचिव -जना सदस्य सचिव

**८. खेलकुद समितिको काम, कर्तव्य र अधिकार :** (१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले तोकेको बजेटको सीमाभित्र रही खेलकुद सञ्चालनगर्ने ,

ख) फुटवलका बिभिन्न प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) गाउँपालिका क्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने ,

ङ) ईन्द्रावती गाउँपालिकाको संयोजनमा फुटवल विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धि योजनाबनाई लागू गर्ने ,

च) खेलकुदको बिकासका लागि प्रदेश सरकारसंग सम्पर्क गर्न गाउँपालिकाको परामर्समा योजनाबनाई पेश गर्ने ,

छ) ईन्द्रावती गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ज) खेलकुद विकासका लागि योजनाबनाई गाउँपालिकाको स्विकृतीमा अन्य खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

झ) गाउँपालिकाले तोकेको अन्यकार्य गर्ने,

ञ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागिकोष स्थापना गरी सञ्चालनगर्न सक्ने,

**९. खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकीने :** खेलकुद समितिका कुनै सदस्यको कामचित्त बुझ्दो नभएमा वा खेलकुद समितिबाट सिफारिस भई आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सदस्यलाई कुनै बखतपनि हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**१०. खेलकुद समितिको कार्यकाल :** खेलकुद समितिको कार्यकाल१वर्षको हुनेछ ।प्रमुखप्रशासकीयअधिकृतको सिफारिसमागाउँकार्यपालिकाले उचित ठानेमाअर्को एक कार्यकालथपगर्न सक्नेछ ।

**११. प्रतिवेदन पेश गर्ने :** (१) सम्पन्नभई सकेका खेलकुद, हुनबाँकी खेलकुदतथा खेलकुद सम्बन्धि योजनाहरुको प्रतिवेदनगाउँपालिकामाअनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदनमाआएकाविषयहरुलाई गाउँपालिकाले बुलेटिन मार्फत सार्वजानिकगर्नेछ ।

## परिच्छेद ४

## आचार संहिता

**१२.आचार संहिता र नियम :**(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैनन् ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएका खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहिं कतै बेच्न, धरौट राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव

विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन

ञ) गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धी क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

२) खेल अवधिमा खेलाडीहरुले तपशिल बमोजिमका नियमहरुको पालना गर्नु पर्नेछः

क) प्रतियोगिताको नाम ईन्द्रावती अध्यक्ष कप रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता २०७८ रहनेछ ।

ख) प्रतियोगिताको सम्पुर्ण खेलहरु नकआउटको आधारमा खेलाइनेछ ।

ग) प्रतियोगिता ३५/३५ मिनेटको र मध्यान्तर १० मिनेटको हुनेछ ।

घ) हरेक एक टीममा १६ जना खेलाडी, एक प्रशिक्षक र एक व्यवस्थापक रहनेछ ।

ङ) खेल ११/११ जना खेलाडी बीच खेलाइनेछ ।

च) दाबि बिरोध दिन चाहेमा आवश्यक कागजात र रु. ३०००/- (अक्षरुपी तीन हजार मात्र) सहित सम्बन्धित टीमले लिखित निवेदन दिनु पर्नेछ ।

छ) खेलमा २ ओटा पँहेलो कार्ड पाउने खेलाडीलाई आउने एक खेलमा प्रतिबन्ध लगाइनेछ ।

ज) हरेक खेलमा उत्कृष्ठ खेलाडीलाई म्यान अफ दि म्याच घोषणा गरी ट्रफी प्रदान गरी पुरस्कृत गरिनेछ ।

झ) प्रतियोगिताको समापन समारोहमा तपशिल बमोजिमको बिभिन्न बिधामा उत्कृष्ट खेलाडी घोषणा गरी सम्मान गरिनेछ।

- सर्बाधिक गोलकर्ता
- उत्कृष्ठ वर्ष खेलाडी
- उत्कृष्ठ मिड फिलडर
- उत्कृष्ठ डिफेण्डर
- उत्कृष्ठ गोलकीपर

ञ) प्रतियोगिताको बाँकी नियमहरु फिफाको नियमानुसार हुनेछ ।

ट) आयोजकको निर्णय नै अन्तिम हुनेछ ।

ठ) सम्बन्धित टीमसँग खेलका लागि सम्झौता हुनेछ। (अनुसूचि-५)

१३ **सौजन्यताः** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकको पूर्व स्वीकृती लिनुपर्नेछ । तर गाउँपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाका सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ५

## दर्ता, नविकरण र विघठन

१४. **दर्ता र स्वीकृतीः** (१) अध्यक्ष कपफुटवल खेलकुद प्रतियोगितामा दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृती दिनेछैन ।

(२) क्लव दर्ता र विधान स्वीकृतीको लागि निबेदन पर्न आएमा गाउँपालिकाले कल्व दर्ता स्वीकृत गरी प्रमाण पत्र दिनु पर्नेछ ।

(३) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन,

(४) संस्था दर्ता, दर्ता प्रमाणपत्र, सूचिकृत र सुचिकृत प्रमाणपत्रका लागि क्रमशः अनुसुचि-१, २, ३ र ४ मा व्यवस्था भए बमोजिम कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

१५ **खारेजि र बचाउ :** ईन्द्रावती गाउँपालिका मातहत संचालनहुने अध्यक्षकप खेलकुद प्रतियोगिता सम्वन्धमा यस पुर्व भएका निर्णयहरु यसै कार्यविधि वमोजिम हुनेछ ।

`

**(दफा १४ को उपदफा ४ संग सम्बन्धित)**

## अनुसूची १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ईन्द्रावती गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
नवलपुर, सिन्धुपाल्चोक ।

विषय : क्लब दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद क्लब दर्ता गर्ने मनसायले इच्छुक खेलाडीहरुको भेलाबाट गठित तदर्थ समितिले क्लबको निर्णय, वडा कार्यालयको सिफारिस समेत तयार गरी क्लब दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार क्लबदर्ता गरीदिनु हुन अनुरोध गरिन्छ।

ईन्द्रावती गाउँपालिका वार्ड नं..........., टोलको नाम.....................

| | |
|---|---|
| सचीव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) क्लवको निर्णयको मस्यौदा

ख) आवेदक र क्लबका पदाधिकारीहरुको

ग) संस्थाको छापको नमूना

**(दफा १४ को उपदफा ४ संग सम्बन्धित)**

## अनुसूची २

ईन्द्रावती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक ।

क्लबदर्ता प्रमाण पत्र

क्लवको नाम :..................................................

ठेगाना :..............................................................

दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको क्लबको निवेदन स्वीकृत गरी क्लब दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । इन्द्रावती गाउँपालिकाको यस खेलकुद कार्यविधिको अधिनमा रही खेलकुद सम्बन्धि गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**(दफा १४ को उपदफा ४ संग सम्बन्धित)**

# अनुसूची ३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ईन्द्रावती गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,

नवलपुर सिन्धुपाल्चोक,

विषयः सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको गाउँपालिका स्तरिय अध्यक्षकप फुटवल प्रतियोगिता खेलकुद प्रयोजनको लागि क्लब गठन गरी आएका छौं । गाउँपालिकाको नियमानुसार कल्व सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क)

ख)

ग)

घ)

**(दफा १४ को उपदफा ४ संग सम्बन्धित)**

## अनुसूची ४

ईन्द्रावती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

नवलपुर सिन्धुपाल्चोक ।

संस्था सूचीकृत प्रमाण पत्र

संस्थाको नाम :...............................................

ठेगाना :.........................................................

दर्ता हुदाका बखत रहनु भएका क्लबका पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्रप्रदान गरिएको छ । ईन्द्रावती गाउँपालिका अध्यक्षकप फुटवल खेलकुद संचालन कार्यविधिको अधिनमा रही खेलकुद सम्बन्धी गतीविधीहरु संचालनगर्न अनुमति दिईएको छ ।

प्रमाणित गर्नेको

पद :

दस्तखत :

मिति :

## दफा १३ को उपदफा २ को (ठ) सँग सम्बन्धित

## अनुसुचि-५

लिखितम श्री ईन्द्रावती गाउँपालिका वडा नं. ...... बाट ईन्द्रावती अध्यक्ष कप रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता - २०७८ मा टीम, व्यवस्थापकको रुपमा आउनु भएको श्री ईन्द्रावती गाउँपालिका वडा नं...... स्थायी घर भएको ...................... को नाती ......................................... को छोरा वर्ष...... को श्री ................................... र ईन्द्रावती गाउँपालिका बिच देहाय बमोजिमको सेवा र शर्तको अधिनमा रहि खेल खेल्न खेलाउन यो करार सक्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

**<u>सम्झौताका शर्तहरु:</u>**

क) प्रतियोगिताको नामः ईन्द्रावती अध्यक्ष कप रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता - २०७८ रहनेछ ।

ख) प्रतियोगिताको सम्पुर्ण खेलहरु नकआउटको आधारमा खेलाइनेछ ।

ग) प्रतियोगिता ३५/३५ मिनेटको र मध्यान्तर १० मिनेटको हुनेछ ।

घ) हरेक एक टीममा १६ जना खेलाडी, एक प्रशिक्षक र एक व्यवस्थापक रहनेछ ।

ङ) खेल ११/११ जना खेलाडी बीच खेलाइनेछ ।

च) दाबि बिरोध दिन चाहेमा आवश्यक कागजात र रु. ३०००/- (अक्षरुपी तीन हजार मात्र) सहित सम्बन्धित टीमले लिखित निवेदन दिनु पर्नेछ ।

छ) खेलमा २ ओटा पँहेलो कार्ड पाउने खेलाडीलाई आउने एक खेलमा प्रतिबन्ध लगाइनेछ ।

ज) हरेक खेलमा उत्कृष्ठ खेलाडीलाई म्यान अफ दि म्याच घोषणा गरी ट्रफी प्रदान गरी पुरस्कृत गरिनेछ ।

झ) प्रतियोगिताको समापन समारोहमा तपशिल बमोजिमको बिभिन्न बिधामा उत्कृष्ट खेलाडी घोषणा गरी सम्मान गरिनेछ ।

- सर्बाधिक गोलकर्ता
- उत्कृष्ठ वर्ष खेलाडी
- उत्कृष्ठ मिड फिलडर
- उत्कृष्ठ डिफेण्डर
- उत्कृष्ठ गोलकीपर

ञ) प्रतियोगिताको बाँकी नियमहरु फिफाको नियमानुसार हुनेछ ।

ट) आयोजकको निर्णय नै अन्तिम हुनेछ ।

| | | |
|---|---|---|
| पहिलो पक्षको तर्फबाट | रोहवरः | दोस्रो पक्षको तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम थर | नाम थर |
| पद | पद | पद |

प्रमाणिकरण मिति २०७९।०९।०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत